तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०१, ५२०८९३
५२०१२९, ५२०१०१
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np


चलानी नं.
पत्र संख्या :

मिति २०८२/०६/०७
ने.सं.११४५ कौलाथ्व द्वितीया, मंगलबार

## शुभकामना

नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दिपावली, नेपाल संवत् र छठ पर्व २०८२ को पावन अवसरमा तानसेन नगरपालिकाबासी लगायत सम्पूर्ण नेपालीजनमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

देश हाल राजनीतिक, सामाजिक र आर्थिक रूपमा चुनौतीहरूको सामना गरिरहेको सन्दर्भमा, महान चाडपर्वहरूले हामीलाई राष्ट्रप्रतिको जिम्मेवारी,सकारात्मक सोच, एकता र सहकार्यको मार्गमा अघि बढ्न प्रेरणा दिने विश्वास लिएका छौं। साथै यस्ता चाडपर्वहरुले विविधताभित्रको एकता, सांस्कृतिक पहिचान र सहिष्णुतालाई अझ बलियो बनाउन थप योगदान पुर्याउदछन्। अहिलेको अवस्थामा हामी सबैले आपसी सद्भाव, पारदर्शिता, जवाफदेहिता र समावेशितालाई प्राथमिकता दिँदै देश विकास र सुशासनतर्फ उन्मुख हुने संकल्प गर्नु आवश्यक छ; यी महान चाडहरुमा व्यक्तिगत मात्र नभई सामूहिक रूपान्तरण र राष्ट्रिय पुनर्निर्माणको प्रतिबद्धता गरौं ।

तानसेन नगरपालिका ऐतिहासिक, सांस्कृतिक,पर्यटकीय र शैक्षिक केन्द्रको रूपमा चिनिँदै आएको नगरपालिका हो। नगरको समुचित विकासका लागि हामी सबैको साझा प्रयास अपरिहार्य छ। विजयादशमी, शुभ दिपावली, नेपाल संवत् ११४६ र छठ पर्वको उपलक्ष्यमा जनप्रतिनिधि, बुद्धिजिवी, सञ्चारकर्मी, उद्यमी,व्यवसायी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मीहरु लगायत सम्पूर्ण तानसेन पाल्पाबासी र समस्त नेपालीजनहरुमा सुस्वास्थ्य, दीर्घायु र सुख समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछौं ।

| चेतनाथ गिरी<br>प्रमुख प्रशासकीय अधिकृत | प्रतिक्षा सिंजाली<br>नगर उपप्रमुख | सन्तोषलाल श्रेष्ठ<br>नगर प्रमुख |
|---|---|---|

एवम्

तानसेन नगरपालिका परिवार